वर्ष १३ अंक ७८, २०७५ असोज २७ गते शनिबार, नेपाल सम्बत ११३८ LOKWANI DAILY Saturday 13, Oct, 2018 पृष्ठ संख्या ४ मुल्य रू. ५।-

संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# लोकवाणी

फेसबुकमा : www.facebook.com/lokwani.daily

राष्ट्रिय दैनिक

Here in NEPAL TESLA ELECTRONIC



नयाँ रूप, नयाँ विशेषता
तर निरन्तरता अनुभवी इतिहासको !
अरूभन्दा फरक, अरूभन्दा माथि
किनकि प्रतिज्ञा मात्र होइन, पूरा पनि गर्दछौं हामी !

TESLA AIR CONDITIONER यही हो नेपालको अनुभवी AIR CONDITIONER

Features:
- Compressor: Japanese Brand (GMCC/TOSHIBA/HITACHI)
- R410A GAS (100% CFC Free)
- Energy Saving Air Conditioner
- 2 Years Warranty on Unit

Find us on: facebook
www.facebook.com/bluefintechnologies1

Damauli, Tanahun
065-562601
Bluefin Technologies

# हरेक ७ गते प्रधानमन्त्रीले मन्त्रालयका काम हेर्ने

**काठमाडौं, असोज २६**

प्रधानमन्त्री केपी शर्मा ओलीले अब हरेक महिनाको ७ गते मन्त्रालयहरूले गरेका कामको मूल्यांकन गर्ने भएका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले सफ्टवेयर बनाएर हरेक मन्त्रालय कामको अनुगमन गर्ने व्यवस्था मिलाएको प्रधानमन्त्री कार्यालयका प्रवक्ता सहसचिव बिनोदबहादुर कुँवरले जानकारी दिए।

शुक्रबार मुख्यसचिव लोकदर्शन रेग्मीले सबै मन्त्रालयका सचिवलाई बोलाएर कात्तिक ७ गतेभित्र मन्त्रालयको कार्यसम्पादन सफ्टवेयरमा अपलोड गर्न निर्देशन दिएका हुन्।

'हामीले हरेक मन्त्रालयका योजना सफ्टवेयरमा राखेका छौं। अब कात्तिक ७ सम्म उनीहरूले त्यसमा प्रगति विवरण बुझाउनु पर्छ,' प्रवक्ता कुँवरले भने, 'त्यहाँ अपलोड गरिएको विवरण हरेक महिनाको ७ गते प्रधानमन्त्रीज्यूले हेर्नुहुन्छ।'

सफ्टेवयरले रातो, हरियो, पहैँलो सूचकमा कार्यप्रगति देखाउँछ। वर्गीकरणमा रातो देखिएका मन्त्री र मन्त्रालय जोखिमपूर्ण हुन्छन्। हरियो देखिएमा निगरानीमा भने पहैँलो



देखिएमा सन्तोषजनक मानिनेछ। जुन मन्त्रालयको कार्यप्रगति रातो देखिन्छ उसलाई प्रधानमन्त्रीले कारबाही गर्न सक्छन्।

बैठकमा सहरी विकास, संघीय मामिला तथा सामान्य प्रशासन, स्वास्थ्य र कृषि मन्त्रालयका कामसम्पादनबारे व्यापक जनगुनासो आएको भन्दै ती मन्त्रालयका सचिवहरूलाई प्रभावकारी काम गर्न मुख्यसचिव रेग्मीले निर्देशन दिएका थिए।

बैठकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सचिव महेश्वर न्यौपानेले सरकारी ठेक्कामा भइरहेको ढिलासुस्तिबारे अख्तियारले बनाएको एक्सन प्लान प्रस्तुत गरेका थिए।

निर्माण व्यवसायीले जिम्मेवारी लिएअनुसार काम पूरा नगर्ने, सुरु नै नगर्ने समस्याले विकास निर्माणमा ढिलाइ भएको भन्दै उनीहरुलाई जिम्मेवार बनाउन एक्सन प्लान बनाइएको हो ।

मन्त्रालयका कार्यप्रगति हेर्न प्रधानमन्त्री कार्यालय मातहत ११ वटा महाशाखाहरु छन्। यी महाशाखाको नेतृत्व सहसचिवले गर्छन् भने पाँच जना सचिवले सम्पूर्ण गतिविधिबारे जानकारी राख्ने व्यवस्था मिलाइएको छ। जिम्मेवारीअनुसार कार्य सम्पादन गरे वा नगरेको सहसचिवलाई सचिवले सचिवलाई मन्त्रीले र मन्त्रीलाई प्रधानमन्त्रीले अनुगमन गर्ने गरी व्यवस्था मिलाइएको छ ।

*(स्रोत : सेतोपाटी डटकम)*

# निर्मला पन्तको प्रकरणमा अनुसन्धानका लागि एआइजीको टोली फेरि पुग्यो कञ्चनपुर

**काठमाडौं, असोज २६**

१३ वर्षीया निर्मला पन्तको बलात्कारपछिको हत्या घटना छानबिन गर्न गठित छानविन समितिको एआइजी नेतृत्वको टोली कञ्चनपुर पुगेको छ। एआइजी धिरु बस्न्यात, डिआइजी निरजबहादुर शाही सहितको चार सदस्यीय टोली आज बिहानै कञ्चनपुर पुगेको हो।

भदौ ३१ गते प्रहरी प्रधान कार्यालय नक्सालले तत्कालीन डिआइजी धिरु बस्न्यातको नेतृत्वमा छानविन समिति गठन गरेको थियो। समितिले निर्मला प्रकरणमा खटिएका प्रहरीमाथि अनुसन्धान गरिरहेको छ। कञ्चनपुरमा खटिएका एसपीसहित २० जनाभन्दा बढी प्रहरीको बयान, पोलिग्राफ टेष्ट, मोबाइलको अनुसन्धान लगायतमा समितिले अनुसन्धान गरिसकेको छ।

एआइजी नेतृत्वको टोलीले

*(बाँकी पृष्ठ ३ मा)*

## घर भाडा तथा विक्री सम्बन्धी सूचना

व्यास नगरपालिका-२ सिद्धार्थचोक स्थित विश्व शान्ति बोर्डिङ स्कूल रहेको साढे 3 तले, ५ वटा शटर (१२ कोठा) भएको पार्किङ सहितको घर भाडामा दिनुपर्ने भएकोले भाडामा लिन इच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

बैंक, होटल, पूरै घर लिन चाहनुहुनेहरुले मात्र सम्पर्क गर्नुहोला

**सम्पर्क : ९८५११०८४७०**

'अमुल्य भाषा, संस्कृतिको संरक्षण गरौ । भाषा,संस्कृतिको जगेर्ना गर्दै पर्यटनको विकास गरौ ।'

महोत्सवका मुख्य आकर्षण
- आदिवासी नमुना गाउँ ।
- विभिन्न जातजातीका खानाका स्टल।
- आदिवासी जनजातीका संस्कृती प्रदर्शनी ।
- ऊँटको नृत्य ।
- बिज्ञान तथा शैक्षिक प्रदर्शनी ।
- फोटो प्रदर्शनी ।
- मादीसेती नदीमा जलबिहार ।
- निशुल्क स्वास्थ्य शिविर ।
- राष्ट्रिय तथा स्थानीय कलाकार तथा हास्यकलाकारको प्रहसन/प्रदर्शनी।
- कौरा तथा लोकदोहोरी प्रतियोगिता ।
- धार्मिक तथा ऐतिहासिक स्थलको अवलोकन तथा प्रबर्द्धन ।
- कृषि तथा घरेलु उत्पादनको प्रदर्शनी तथा बिक्री कक्ष ।
- अटो मोबाइल प्रदर्शनी तथा बिक्री ।
- रमाइलो मेला
- सुचना प्रविधी प्रदर्शनी ।




सह- आयोजक :
नेपाल मगर संघ तनहुँ, तमु ह्यूल छोंज धिं, नेवाः खल,
दरै समाज, भुजेल समाज, तामाङ घेनुङ्ग समाज, दुरा समाज,
कुमाल समाज, बोटे समाज, राई समाज, थकाली समाज, चेपाङ समाज

आयोजक
नेपाल आदिवासी जनजाती महासंघ
जिल्ला समन्वय परिषद, तनहुँ

सम्पर्क : ९८५६००४४४०, ९८४६०४०३३१, ९८४६३१७८७९, ९८४६०६२४५१

# वामदेव प्रकरणको 'साइड इफेक्ट' : ओली सरकारको प्रशंसा गर्दै प्रचण्ड

**काठमाडौं, असोज २६**

शुक्रबार एक कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले 'अस्वभाविक' ढंगले सरकारको प्रशंसा गरे । जबकी सरकारको कामकारवाहीबाट उनी असन्तुष्ट बन्दै गएको आँकलन गरिएको थियो ।

सार्वजनिक रुपमा सरकारको आलोचना नगरे पनि प्रचण्डले बचाउमा पनि खासै बोलेका थिएनन् । बरु पार्टी बैठकमा सामान्य असन्तुष्टि जनाउँथे । तर, एकाएक ओलीभन्दा पनि अघि बढेर सरकारको प्रतिरक्षा गर्ने स्थितिमा उनी किन पुगे त ?

जानकारहरु यसलाई वामदेव



गौतम प्रकरणको 'साइड इफेक्ट' का रुपमा व्याख्या गर्छन् । आफूलाई गुमराहमा राखेर वामदेवका लागि सांसद रामवीर मानन्धरको राजीनामाको योजना बनाइएपछि ओली अर्का अध्यक्ष प्रचण्डसँग रुष्ट



छन् । यही बुझेर प्रचण्डले ओलीलाई खुशी पार्न चिप्लो घसेको हुन सक्ने केही नेताहरुको आँकलन छ । नेकपामा ओलीको साथ लिएरै आफ्नो भविश्य सुरक्षित गर्न खोजेका प्रचण्ड यति चाँडै उनीसँग सम्वन्ध बिगार्न चाहँदैनन् पनि ।

**प्रचण्डलाई ब्याकफायर**

नेपाल कम्युनिष्ट पार्टीमा अध्यक्षद्वय केपी ओली र पुष्पकमल दाहाल प्रचण्डको सम्बन्ध विगतदेखि नै विश्वास र आशंकाको दोसाँधमा मडारिँदै आएको छ ।

कहिले एकअर्कामै विलिन भए झैं हुन्छन् त कहिले सार्वजनिक रुपमा नै एक अर्का विरुद्ध उत्रन्छन् । तत्कालीन एमाले र माओवादीको पार्टी एकतापछि भने प्रचण्डले केपी ओलीसँग विश्वासको सम्बन्ध बनाउने भरपुर प्रयास गरेका थिए । तर, वामदेव गौतम प्रकरणले ओली र प्रचण्डबीच दुरी बढाएको छ ।

गौतमले बर्दिया-१ मा आफूलाई षड्यन्त्रपूर्वक हराइएको भन्दै संसदमा आउने प्रयास गरेका थिए । त्यसैले उनले काठमाडौं ७ का सांसद रामवीर मानन्धरलाई राजीनामा दिन सहमत गराउनुलाई नेताहरुले आश्चर्यका रुपमा लिएका छैनन् ।

तर, गौतमका लागि जसरी प्रचण्ड कार्ड प्रयोग भयो, त्यसले ओलीलाई झस्काएको छ । सांसदबाट राजीनामा दिन तयार रहेको रामवीरको पत्र खुमलाटारमा तयार भएको थियो भने सचिवालयमा प्रचण्डमार्फत नै पुगेको थियो ।

तर, जब रामवीरको राजीनामाको विषय बाहिर आयो, जनस्तरमा यसको चर्को आलोचना भयो । स्वयंम प्रधानमन्त्री एवं पार्टी अध्यक्ष ओलीले 'विदेशी खेल'का रुपमा ब्याख्या गरेपछि गौतमसँगै प्रचण्डलाई नराम्ररी 'ब्याकफायर' गरेको छ ।

**प्रचण्डप्रति वामदेवको अपेक्षा**

वामदेवले कहिले डोल्पा त कहिले दैलेख र कहिले बाँके रोजे ।

*(बाँकी पृष्ठ ३ मा)*


**मित्रता स्वास्थ्य क्लिनिकको सूचना**

विगत लामो समयदेखि काठमाडौं वीर अस्पतालमा कार्यरत **डा. सुनिल पौडेल**द्वारा बिहान ७ बजेदेखि ९ बजेसम्म र बेलुका ४ बजेपछि पेट, छाती, मुटु, मधुमेह तथा थाइराइड रोगको स्वास्थ्य परीक्षण गरिन्छ ।

MBBS (KU)
MD, Internal Medicine (NAMS, Bir Hospital)
NMC No 7808

**मित्रता स्वास्थ्य क्लिनिक**

व्यास-३ अनसचौतारी, दमौली, तनहुँ
फोन : ०६५-५६२६०७,
मोवाइल : ९८१६१६८४८८, ९८४१४७९०५८

हाम्रा सेवाहरु : दैनिक विरामी जाँच, प्रसुति तथा स्त्रीरोगको विशेषज्ञ सेवा, नेवुलाइजर (बाफ), प्याथोलोजी सेवा, ड्रेसिङ, प्लाष्टर परिवार नियोजन परामर्श सेवा, सुरक्षित गर्भपतन, एक्सरे, भिडियो एक्सरे, इसिजि सेवा, माइनर अप्रेशन, फार्मेसी सेवा, साथै अन्य सेवाहरु र उचित परामर्श




**भरोसा स्वास्थ्य क्लिनिकको सूचना**

१) अन्नपूर्ण हस्पिटल पोखराका वरिष्ठ बालरोग विशेषज्ञ **डा. विधान घिमिरे**द्वारा स्वास्थ्य परीक्षण
(**प्रत्येक शनिबार**)

२) गण्डकी अस्पताल र मेट्रोसिटी हस्पिटल पोखराका वरिष्ठ फिजिसियन पेट, छाती, मुटु, सुगर, थाइराइड विशेषज्ञ **डा. सचिन ढकाल**द्वारा स्वास्थ्य परीक्षण। (**प्रत्येक महिनाको पहिलो शनिबार**)

**भरोसा स्वास्थ्य क्लिनिक**

व्यास-२, गणेशमानचोक, दमौली
(विद्यार्थी पुस्तक पसलसँगै) सम्पर्क : ९८४११२७६५७



**डिस होमको दशैं तिहार अफर**

**सित्तैमा ! सित्तैमा !! सित्तैमा !!!**




**"अब Dish Home सेटको मुल्य एक रुपैया पनि पर्दैन, यो अफर न पहिले थियो न त अब नै हुनेछ ।"**

**मौकाको फाइदा उठाउनुहोस् ।**

**सम्पर्कः**

१. शुभलक्ष्मी सप्लायर्स दमौली - ५६१०२०, ९८४६३७२१३३
(तनहुँ, लमजुङ, गोरखाको आधिकारीक वितरक)
२. गाउँघर बिजुली पसल दमौली - ९८४६०९०१६३
३. नेशनल रेडियो सर्भिस दमौली
४. विन्जु & विहान मिडिया प्रा.लि. दमौली- ९८५६०६०४९६
५. बावुल इम्पोरियम - ०६५-५८०१०८
६. खड्कमाई इलेक्ट्रोनिक्स - ९८५६०२७७७८




**लोकवाणी दैनिक अनलाइनमा पढ्न**
www.issuu.com/lokwanidaily

## लोकप्रिय स्वास्थ्य क्लिनिकको सूचना

**२०७५ असोज २७ गते शनिबार**

१)काठमाडौं मेडिकल कलेज सिनामंगल काठमाडौंका वरिष्ठ छाला, यौन तथा सौन्दर्य विशेषज्ञ **डा. प्रशन्नराज श्रेष्ठ**द्वारा कम्प्युटरको माध्यमबाट छालाको जाँच ।

२)पश्चिमाञ्चल सामुदायिक अस्पतालका वरिष्ठ फिजिसियन तथा पेट, छाती, मुटु, सुगर, प्रेसर, दम, थाइराड विशेष **डा. युक्तनारायण रेग्मी**द्वारा स्वास्थ्य परीक्षण ।

**एम्बुलेन्सका लागि सम्पर्क नम्बर :**
९८२६१६८६३३/९८४६०५५८४२

**लोकप्रिय स्वास्थ्य क्लिनिक**
व्यास-२, गणेशमानचोक, दमौली (सम्पर्क : ०६५-५६२३८२, ९८४१३२२३५९)

## विशेष फार्मेसी पुन: सञ्चालनमा

दमौली अस्पताल परिसरमा रहेको रेडक्रस भवनमा सञ्चालन हुँदै आएको **विशेष फार्मेसी** यही भदौ महिनादेखि व्यास-३, अनसन चौतारा (हस्पिटल जाने गेट) अगाडि सरेको जानकारी गराउँदछौं ।

**विशेष फार्मेसी**
व्यास-३, दमौली (हस्पिटल जाने गेट अगाडि)


# वामदेव...

तर, पार्टी अध्यक्ष एवं प्रधानमन्त्री ओलीले 'भइहाल्छ' भन्ने बाहेक खास पहल गरेका थिएनन् । त्यसैले उनी अर्का अध्यक्ष प्रचण्डको शरण परे । यो अस्वभाविक पनि होइन ।

दुई पार्टीको एकता हुनुअघि नै एमालेका वरिष्ठ उपाध्यक्ष रहेका गौतम प्रचण्डका विश्वास पात्र थिए । उनले पार्टीमा हुने चर्का आलोचनाको परबाह नगरी प्रचण्डको पक्षमा वकालत गर्थे । एमाले र माओवादीको गठनबन्धन सरकार टुट्दा पनि उनले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई नै दोषी देखाएका थिए ।

अहिले एउटै पार्टी भएको बेला संसदमा आउने आफ्नो हुटहुटी पुरा गर्न पार्टीका अध्यक्ष मध्येका एक प्रचण्डबाट सहयोग खोज्नु स्वभाविक भएको नेकपाका एक नेता बताउँछन् । प्रचण्डले गौतमको अपेक्षा अनुसार प्रयास गरे पनि ढंग नर्पुयाउँदा आफैं अप्ठ्यारोमा पर्ने खतरा देखिएको ती नेताको विश्लेषण छ ।

उनले अघि भने, 'वामदेवले सांसद हुन चाहेको कुरा कसैबाट लुकेको थिएन । त्यसका लागि रामवीरले राजीनामा दिने विषयमा ओलीसँगै बसेर छलफल गरेको भए राम्रो हुन्थ्यो ।'

तर, आफूलाई थाहै नदिई योजना बनाउँदा प्रचण्डमाथि पनि ओलीले शंका गर्ने अवस्था बनेको छ ।

माओवादी पृष्ठभूमिका नेताहरु भने प्रधानमन्त्री ओलीले प्रचण्डको बाध्यता बुझ्नुपर्ने बताउँछन् । 'पार्टीले निर्णय नगर्दासम्म प्रचण्डले चाहेर मात्र वामदेव सांसद हुने होइन । उहाँले त वामदेवको इच्छा व्यक्त गरिदिनुभएको मात्र हो' एक नेताले भने, 'यसलाई अर्का अध्यक्ष केपी ओलीले पनि बुझ्नुपर्छ र बुझ्नुहुन्छ ।'

उनका अनुसार यदि यो बीचमा ओली र प्रचण्डबीच सम्वाद नभएको भए यो घटनाले अर्कै रुप लिनसक्थ्यो । तर, निरन्तर सम्वादमा रहेकाले कुनै असमझदारी छैन ।

माओवादी पृष्ठभूमिकै अर्का नेताले पनि सबैलाई समेट्नुपर्ने प्रचण्डको बाध्यता भएको बताए ।

**ओलीले देखे 'विदेशी खेल'**

माओवादी पृष्ठभूमिका नेताहरुले वामदेव प्रकरणमा प्रचण्डको भूमिकालाई बाध्यताको नाम दिए पनि अर्का अध्यक्ष केपी शर्मा ओलीले भने त्यसरी लिएका छैनन् ।

स्रोतका अनुसार ओलीले आफूलाई बेखबर राख्दै गरिएको प्रयासलाई 'विदेशी खेल'को संज्ञा दिएका छन् । त्यसमा गौतमका लागि राजीनामा दिन तयार रहेको पत्र बुझाएका रामवीरको बोलीले थप मलजल गरेको नेताहरु बताउँछन् । उनले ओलीसामू नै गौतमलाई प्रधानमन्त्री बनाउनुपर्ने मत मात्र राखेनन्, आफूलाई शक्ति केन्द्रका मित्रहरुको साथ रहेको बताएका थिए।

नेकपाका कतिपय नेताहरुले भने यदि केपी ओलीले प्रचण्डमाथि अविश्वास गर्दै गए उनीविरुद्ध नै मोर्चाबन्दी हुन सक्ने आंकलन गरेका छन् । नेकपामा पछिल्लो समय ओलीसँग वरिष्ठ नेता माधवकुमार नेपालसहितका नेताहरु असन्तुष्ट छन् । उनीहरुले यो विचारको नेतृत्व गर्न प्रचण्डलाई आग्रह नगरेका पनि होइनन् । तर, ओलीसँग विश्वासको सम्बन्ध बनाउन चाहेका उनले त्यो आँट गरेका थिएनन् । तर, वामदेव प्रकरणसँगै प्रचण्डमाथि अविश्वास गरे ओली इतरको समूहको मोर्चाबन्दी हुने र स्वयंम ओलीकै लागि प्रत्यापादक पनि हुन सक्ने नेताहरु बताउँछन् ।

(स्रोत : अनलाइन खबर डटकम)

# निर्मला...

शुक्रवारदेखि आइतवारसम्म कञ्चनपुरमा थप घटनाबारे अनुसन्धान गर्ने समिति स्रोतले जानकारी दिएको छ। कञ्चनपुरबाट फर्किएपछि घटनाको विवरणसहित अनुसन्धान प्रतिवेदन बुझाउने तयारी रहेको छ ।

सरकारले कञ्चनपुर घटना विवादस्पद बन्दै गएपछि भदौ ७ मा कारागार व्यवस्थापन विभागका महानिर्देशक सह-सचिव हरि मैनालीको नेतृत्वमा पाँच सदस्य छानविन समिति गठन गरेको थियो। समितिले बुझाएको प्रतिवेदन गृह मन्त्रालयले सार्वजनिक गरिसकेको छ। प्रतिवेदनमा स्पष्टरुपमा घटना क्रममा उल्लेख नभए पनि प्रहरीको लापरवाही भएको उल्लेख गरिएको छ।


## देवघाट गाउँपालिकाको सूचना तथा विशेष अनुरोध

देवघाट गाउँपालिकालाई २०७५ सालभित्र पूर्ण सरसफाईयुक्त गाउँपालिका निर्माण गर्ने उद्धेश्य लिइएको हुँदा यस कार्यक्रमलाई सफल पार्नको लागि आ-आफ्नो क्षेत्रबाट सहयोग गर्न सम्पूर्ण गाउँपालिकावासी नागरिकहरुमा हार्दिक अनुरोध गर्दछौं ।

**पूर्ण सरसफाईका सूचकहरू**

**क) चर्पीको प्रयोग** : सबैले सँधै सुरक्षित चर्पीमा दिसापिसाब गर्ने गरेको, चर्पीको लागि साबुन र पानीको व्यवस्था भएको छ ।

**ख) साबुन पानीले हात धुने बानी** : चर्पीको प्रयोग पछि, खाना खानु र खुवाउनु अघि र पछि, कुनै फोहोरा कुरा र विषादी छोएपछि तथा गाईवस्तुको मलमुत्र व्यवस्थापन पछि, विरामी तथा बच्चाको स्याहार गर्नुअघि र पछि ।

**ग) सुरक्षित पानीको प्रयोग** : पानी प्रयोग गर्ने सबै भाडाहरु सफा राखेको छोपेको, इनार, ह्याण्डपम्प र सुक्षित मुहानहरुको पानी खाने गरेको वा खानेपानी सुरक्षा योजना लागु भएको वितरण प्रणालीको पानी पिउने गरेको वा पानी असुरक्षित भए घरायसी तहमा शुद्धिकरण गरेर मात्र पिउने बानी भएको ।

**घ) सुरक्षित खानाको प्रयोग** : खाना पकाउने भाडा भान्छा सफा र सुरक्षित तथा खाना छोपेर राख्ने गरेको । खानेकुरालाई ७० डिग्री सेल्सियस भन्दा माथिल्लो तापक्रममा पकाएर खाने गरेको । खानेकुरा भण्डारण गर्नुपरेमा ५ डिग्री से. भन्दा कम तापक्रममा गर्ने गरेको अन्यथा बासी सडेगलेको नखाने गरेको । पकाएको र काँचो खानालाई भण्डारण तथा व्यवस्थापन गर्ने गरेको । सुरक्षित पानी र खाद्य पदार्थको मात्र प्रयोग गरी खानेकुरा बनाउने गरेको तथा काँचै खानेकुराहरु राम्रोसँग पकाएर खाने गरेको ।

**ङ) सफा घर आँगन** : घर आँगन सधै सफा राख्ने गरेको । घरबाट निस्कने फोहोरको वर्गीकरण तथा व्यवस्थापन गर्ने गरेको । पानीको उचित व्यवस्थापन गर्ने गरेको । घरबाट निस्कने फोहोरपानीको उचित व्यवस्थापन गर्ने गरेको । पशुपंक्षीको लागि छुट्टै गोठ, टहरा र खोर बनाई तीनको मलमुत्रको व्यवस्थापन गर्ने गरेको । धुँवारहित भान्छाकोठा भएको ।

**च) वातावरणीय सरसफाई** : खुल्ला दिसामुक्त अवस्था भएको गाउँ सफा, बाटोघाटो, चौतारी, पौवा तथा सार्वजनिक स्थानहरु, संरक्षित पानीका मुहान वितरण प्रणाली । खानेपानी सुरक्षा प्रणाली लागु भएको । वायु प्रदुषण नभएको । फोहोरमैलाको उचित व्यवस्थापन भएको । हरियाली वातावरण र पार्कको व्यवस्था भएको ।

**देवघाट गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**देवघाट, तनहुँ, गण्डकी प्रदेश, नेपाल**

**लोकवाणी दैनिक**
०६५-५६२७०५, ९८४६२७४६३६, ९८५६०६०७८९



**लोकवाणी दैनिक अनलाइनमा पढ्न**
www.issuu.com/lokwanidaily



खानाका पारखीहरुको लागि एक मात्र गन्तव्य

## लुम्बिनी थकाली भान्साघर एण्ड लज

**हाम्रा सेवाहरु**



होम डेलिभरीको समेत व्यवस्था

- लोकल कुखुराको स्वादमा स्पेशल नेपाली खाना
- माछा तथा कुखुराका पोलेका परिकारहरु
- सिस्नोको साथमा फापर तथा कोदोको ढिडो
- च्याउको मम तथा अन्य परिकारहरु
- सफा, सुन्दर, शान्त वातावरण तथा पर्याप्त पार्किङ्गको सुविधा
- सेमिनार तथा आरामदायी बासको व्यवस्था

**लुम्बिनी थकाली भान्साघर एण्ड लज**
व्यास-१, तालघरे, तनहुँ
सम्पर्क ९८०६७७४८३८


## सूचना ! सूचना !! सूचना !!!

व्यास क्षेत्र शिवपञ्चायन मन्दिर संरक्षण समिति र व्यास क्षेत्र विकास कोषको संयुक्त विशेष साधारणसभा गरी यस क्षेत्रको सर्वाङ्गीण विकासमा मूर्त रुप प्रदान गर्ने उद्धेश्यले निम्न मिति, समय र स्थानमा आयोजना गरिएको संयुक्त **विशेष साधारणसभा**मा यस संस्थाका सम्पूर्ण आजीवन सदस्यज्यूहरुलाई उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ ।

**मिति** : २०७५ असोज २७ गते
**समय** : ११ बजे
**स्थान** : तनहुँ उद्योग वाणिज्य संघको सभाहल

| | |
|---|---|
| **प्रेमप्रकाश भट्टराई** | **विष्णुभक्त सिग्देल** |
| अध्यक्ष | महासचिव |
| व्यास क्षेत्र शिव पञ्चायन मन्दिर संरक्षण समिति | व्यास क्षेत्र विकास कोष |


**फेरी खुल्यो, अमेरीका जाने चिट्ठा !**

**EDV 2020**

**भोली होइन आजै भर्नुहोस ।**

**भरे पर्न सक्छ, नभरे पर्दै पर्दैन ।**

असोज १७ गते बाट — कार्तिक २० गते सम्म

फर्म पाइने स्थान:

**Golden Computer**
Vyas-2 Damauli
065-562512
9846170254
9819127918

# बन्दीपुर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बन्दीपुर, तनहुँ

## औषधि खरिद सम्बन्धि सिलवन्दी दरभाउ आव्हानको सूचना

*प्रथम पटक प्रकाशित मिति : २०७५/०६/२७*

ठेक्का नं.१०

यस गाउँपालिका अन्तरगतको बन्दिपुर अस्पतालको निशुल्क स्वास्थ्य सेवाको लागि आवश्यक औषधि सिलबन्दी दरभाउ पत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकाले ईजाजत पत्र प्राप्त ईच्छुक सप्लायर्स फर्म तथा कम्पनीबाट निम्न शर्तहरुको अधिनमा रहि रित पूर्वकको सिलवन्दी दरभाउपत्र आव्हान गरि एको छ।

१. यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र कम्पनी /फर्मले चालु आ.ब. २०७४/७५ मा नविकरण भएको ईजाजत प्रमाणपत्र,आयकर दर्ता प्रमाणपत्र,आ.ब. २०७४/०७५को करचुक्ता प्रमाणपत्र ,मु.अ.कर दर्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु संलग्न राखि कार्यालय समय भित्र निवेदन दिएमा रु.१०००/- (अक्षरुपी एक हजार मात्र) सिलबन्दीपत्र फाराम दस्तुर (फिर्ता नहुने गरि) बुझाई यस कार्यालय ेबाट सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न सकिने छ।

२. सिलबन्दी दरभाउपत्र दाताले सिलबन्दी खरिद गर्दा कार्यालय प्रमुखको दस्तखत र कार्यालयको छाप लागेको सिलबन्दीपत्र खरिद गर्नु पर्ने छ। खरिद भएको सिलबन्दीपत्रहरुको यो सुचना प्रकाशित भएको मितिले १६ औं दिनको १२.०० बजे भित्र सिलबन्दी फाराममा सहि छाप गरि सिलबन्दीपत्रदाताको नाम ठेगाना फोन नं. समेत खुलाई सिलबन्दि दरभाउपत्र कार्यालयमा दर्ता गराउन सकिने छ।

३. दरभाउपत्र दाताले धरौटी बापत कवोल अंकको २.५ प्रतिशत ले हुने धरौटी रकम ने.बैं.लि. दमौलीमा रहेको यस कार्यालयको धरौटी खाता न ०६००३००००००००३००००१४ मा जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा जारी गरिएको नब्बे दिन सम्म म्याद भएको बैंक ग्यार ेन्टी दरभाउपत्र साथ संलग्न राख्नु पर्ने छ।

४. दरभाउ पत्र प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनको ५.०० बजे सम्म खरिद गरि सक्नु पर्नेछ। खरिद दरभाउपत्र १६ औ दिनको १ बजे भित्र बुझाइ सक्नुपर्ने छ।

५. दर्ता भएका दरभाउपत्र १६औ दिनको दिन २.०० बजे दरभाउपत्र दाता वा निजहरुका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ। दरभाउपत्र दाता वा निजहरुका प्रतिनिधिहरु उपस्थित नभएतापनि दरभाउपत्र खोल्न वाधा पर्नेछैन।

६. दरभाउपत्र दाखिला गर्ने वा खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु त्यस पछिको लगत्तै कार्यालय खुलेको दिन सोहि समयमा हुने छ।

७. प्रचलित नियमानुसार रित नपुगेको र म्याद नाघि आएको र शर्त राखिएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

८. दर्ता भएका दरभाउ स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई हुनेछ।

९. एक फर्म वा व्यक्तिको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म वा व्यक्तिको नामबाट दरभाउपत्र दाखिला गर्न पाईने छैन।

१०. दरभाउपत्र आईटमबाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्ने छ। अंक र अक्षर विचमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ।

११. दरभाउपत्र फारममा प्रत्येक औषधि आईटमबाईज उत्पादन कम्पनिको (WHO GMP Certified Company) नाम अनिवार्यरुपले भर्नु पर्ने छ।

१२. दरभाउपत्र दाताले स्वदेशि औषधिको हकमा विश्व स्वास्थ्य संगठन कुशल उत्पादन प्रकृया (WHO GMP Certified) कागजको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्ने छ। औषधि व्यवस्था विभागबाट प्राप्त उत्पादन अनुज्ञा पत्रको प्रतिलिपि पेश गर्नु पर्ने छ।

१३. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४०(ङ) अनुसार दरभाउपत्र दाताले खरिद कारबाहिमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कार बाहिमा आफनो स्वार्थ नबाभिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धि कसुरमा आफुले सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणापत्र दर भाउपत्र साथ पेश गर्नु पर्ने छ।

१४. उत्पादक वा अधिकृत वितरकबाट औषधि आपुर्ति गर्न मञ्जुरीपत्र लिएको हुनु पर्ने छ। साथै त्यस्ता वितरकको अधिकारपत्र आधिकारिता पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्ने छ। Authorization Letter पेशनभएको आईटममुल्यांकनमा समाबेश गरिने छैन।

१५ WHO GMP प्राप्त कंम्पनिहरु बाट उत्पादित औषधिहरुमात्र उपलब्ध गराउनु पर्नेछ। सप्लाई हुने औषधिको प्रत्येक प्याकिङ्गको बाहिर उत्पादन मिति Expiry मिति, ब्याच नंबर तथा लेखिएको हुनुपर्नेछ।

१६. औषधी उपलब्ध गराउँदा औषधीको Expiry म्याद १८ महिना बढी म्याद बाँकी रहेको औषधीउपलब्ध गराउनु पर्नेछ।

१७. यस सूचनामाउल्लेख नभएका कुराहरु सार्वजनिकखरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथाप्रचलित ऐन नियमअनुसार हुनेछ।

१८. दरभाउपत्रमा आईटम वाईज मूल्यांकननगरी एकमुष्ठका आधारमामूल्यांकनगरिने छ।

१९. दरभाउपत्रको कुललागत रु।- १७६०४७३ ।(मु.अ.क सहित)।

**लोकवाणी पब्लिकेशन प्रा.लि. का** लागि **अध्यक्ष/प्रधान-सम्पादक** : प्रेमप्रसाद पौडेल, **सम्पादक** :प्रकाशचन्द्र भट्टराई, **कानूनी सल्लाहकार** :त्रिभुवन श्रेष्ठ, **बजार व्यवस्थापक** : ऋषिकान्त दुवाडी (९८४६२७४६३६)
जि.प्रशा.का.तनहुँ द.नं. १२/०६३/०६४, जि.हु.द.नं. ११/०६३/०६४, फोन : ०६५-५६२७०५, व्यास नपा-३, सफासडक, दमौली **Email : lokwanidaily@gmail.com,** मुद्रण:विज्ञान प्रिन्टर्स, दमौली, फोन :०६५-५६०१२४